नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार बोर्डको सचिवालय**

बबरमहल, काठमाडौं
फोन नं. ०१-५३२०३११,
०१-५३२०४३३/५६७
फ्याक्स नं. : ०१-५३२०५४३
Email : info@fepb.gov.np

प.सं. 0६९/0८0
च.नं. ६८0

मितिः २०७९/११/०३

## आर्थिक सहायताका लागि निबेदन दिने सेवाग्राहीहरूलाई सजग रहन वैदेशिक रोजगार वोर्ड सचिवालयको सूचना ।

श्रम स्वीकृति लिइ वैदेशिक रोजगारीको क्रममा मृत्यु, अङ्ग/भङ्ग वा बिरामी भएमा कानुन बमोजिम बैदेशिक रोजगार बोर्ड सचिवालय र बैदेशिक रोजगार म्यादी जीवन बीमाबाट आर्थिक सहायता प्राप्त गर्ने व्यवस्था रहेको छ । वैदेशिक रोजगार बोर्ड सचिवालयको हकमा तोकेको ढाँचामा आवश्यक कागजपत्रहरु संलग्न गरी स्थानीय तह मार्फत पनि निवेदन दिन सकिने व्यवस्था विद्यमान छ । सोका लागि भौतिकरुपमा बोर्ड सचिवालय आउनु नपर्ने बेहोरासमेत सरोकारवाला सबैको जानकारीका लागि अनुरोध छ । यसरी बोर्ड सचिवालयबाट उपलब्ध गराइने कल्याकारी सेवाका लागि कुनै समस्या एवं द्विविधा भएमा बोर्ड सचिवालयमा फोन (०१-५३२०३११/०१-५३२०४३३), इमेल (info@feb.gov.np) मार्फत वा सचिवालयद्वारा संचालित पैसा नलाग्ने श्रम कल सेन्टर (११४१ NTC वा Landline) बाटसमेत जानकारी लिन सक्ने व्यवस्था छ । यस्तो व्यवस्था हुँदाहुँदै पनि कल्याणकारी तथा बीमा सुविधा प्राप्त गर्ने सेवा सहजीकरण गर्ने बहानामा मृतकको घरमा वा अङ्गभङ्ग भएका व्यक्तिका आफन्तसम्म बिचौलिया पुगी, प्रभावमा पारी विभिन्न रकमको माग गर्ने गरेको सुन्न आएको छ । यसै सन्दर्भमा वैदेशिक रोजगारीका क्रममा मृत्यु, अङ्ग/भङ्ग वा उपचारको लागि प्राप्त हुने आर्थिक सहायता तथा बीमा रकम प्राप्त गर्नको लागि कुनै असम्बन्धित व्यक्ति र बिचौलियाको भर/विश्वासमा नपर्न, कुनै रकम नदिन तथा आफ्नो बैंकसँग सम्बन्धित कागजात (चेक, एटीएम कार्ड) लगायतका आफ्ना महत्त्वपूर्ण कागजातहरु सुरक्षित राख्नु हुन अनुरोध छ । यदि कसैले कुनै पनि बहानामा तपाईँलाई दुःख दिएमा तत्काल जिल्ला प्रशासन कार्यालय वा नजिकको प्रहरी कार्यालयमा गइ उजुरी गर्नु हुन वा आफू नजिकको आप्रवासी स्रोत केन्द्रमा सहयोगको लागि सम्पर्क गर्नुहुन समेत यसै सूचना मार्फत वोर्ड सचिवालय सम्बन्धित सबैलाई हार्दिक अनुरोध गर्दछ।

सूचना अधिकारी